प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

## निर्णयहरु

१) प्रदेशमा समायोजन भई आएका कर्मचारीहरुको पदस्थापना सम्बन्धि कार्यहरु सम्बन्धित मन्त्रालयहरुले शीघ्र सम्पादन गर्ने ।

२) मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले कर्मचारीहरुको सरुवा मापदण्ड तर्जुमा गर्ने ।

३) निजामती सेवा ऐन २०४९ को दफा १८ क(१) अनुसारको काज खटाई कामकाजमा लगाउनका लागि आवश्यकता र औचित्यताका आधारमा मात्र गर्ने गरी सम्बन्धित मन्त्रालयहरुलाई अधिकार प्रत्यायोजन गर्ने ।

४) प्रदेश निजामती सेवा ऐन तर्जुमा गर्ने सन्दर्भमा सेवा, समूह सञ्चालन गर्ने मन्त्रालयहरुले प्रारम्भिक तयारी गर्ने ।

५) निकट भविष्यमा प्रदेश तहबाट गरिने O&M का लागि सबै मन्त्रालयहरुले कार्यबोझ र औचित्यता समेतका आधारमा सम्भावित दरबन्दी संरचना र कार्यगत एकाईको पहिचान गर्नका लागि प्रारम्भिक तयारी गर्ने ।साथै मन्त्रालयगत (सेवा, समूह, उपसमूह) का कर्मचारीहरुको दरबन्दी संख्या, पदस्थापना र रिक्त पदहरु सम्बन्धि विवरण अद्यावधिक गरी database तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

६) प्रदेश सरकार, मन्त्रिपरिषद् बैठकमा पेश गर्ने प्रस्तावहरु तोकिएको ढाँचामा कार्यसम्पादन नियमावली अनुरुप तयार गरेर मात्र पठाउने ।

७) सबै मन्त्रालय र मातहतका कार्यलयहरुमा प्रवक्ता र सूचना अधिकारी तोकि तोकिएका अधिकारीहरुको फोन नं. र इमेल उपलब्ध गराउने ।

८) मन्त्रालयहरु तथा मातहतका कार्यलयहरुको Website मा एकरुपता कायम गर्नुका साथै नियमित रुपमा Update गर्ने ।

९) प्रदेश सचिवहरुको नियमित बैठक प्रत्येक महिनाको ७ गते दिउँसो १ बजे राख्ने ।

१०) संघिय सरकार, निगरानी गर्ने निकाय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट माग भएका विवरण र जानकारीहरुलाई प्रथामिकता दिने ।

११) सबै मन्त्रालयहरुले वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गरी लागु गर्ने ।

१२) मन्त्रालयहरुले सम्पादन गरेका कार्यहरुका सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नियमित रुपमा प्रतिवेदन गर्ने ।

१३) मन्त्रालयहरुको भौतिक सम्पत्ति तथा सवारी साधनहरुको अभिलेख अद्यावधिक गर्ने गराउने र सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालयमा समेत पठाउने ।

१४) नेपाल सरकारलाई प्राप्त हुने विभिन्न छात्रवृत्तिहरुमा प्रदेश सरकारका निकायमा कार्यरत कर्मचारीहरुलाई समेत समानुपातिक रुपमा कोटा उपलब्ध गराउनका लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाउने ।

१५) प्रदेश मन्त्रालयहरुमा रहेका महाशाखा प्रमुखहरुको पदपूर्ति गर्न संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।

१६) यहि असोज ३ गते मनाइने संविधान दिवस समारोहमा सबै निकायका सबै कर्मचारीहरुको अनिवार्य उपस्थिति गराउन सबै मन्त्रालयहरुले मातहत कार्यालयहरुलाई समेत निर्देशन गर्ने ।

२०७६।६।१

नि. प्रमुख सचिव